जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;
प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०२/१९ गते बुधवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा

अनुसन्धान अधिकृत, श्री राम अचल साह, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख - श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति - श्री राज देव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष – श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा

कोभिड फोकल पर्सन - माधवराज ओझा, जिल्ला प्रशासन कार्यालय, सिरहा

प्रदीप राज कडेल
प्रमुख जिल्ला अधिकारी

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक मिति २०७८/०२/१९ गते।

**बैठकको कारवाही एवम् निर्णय**

१. कोभिड-१९ नयाँ लहर संक्रमणबाट सिरहा जिल्लामा हालसम्म देखिएको देहायको अवस्था समेत बैठकमा समीक्षा गरियो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | हालसम्मको मृत्यु भएको संक्रमित संख्या | बिगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | दोस्रो चरणमा खोप लगाएको व्यक्ति संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | ५७९ | ५१ | ४६९ | ७४ | ४ | ५९० | ३८०० | ११३३ | २७२ | २९ | ५४८ | २ | २८ | ९ | ५ | ० | १६ | ८४० | २७ | ४४ | ८ | ५५६६ | १९९ |

कोभिड १९ संक्रमण भई उपचारको शिलशिलामा वा अन्य अवस्थामा अन्य जिल्लामा मृत्यु हुने र सिरहा जिल्ला मै मृत्यु हुनेहरुको छुटै-छुट्टै र कुल नाम नमेसी समेतको विवरण अध्यावधिक गर्ने गराउने, जस्तै ;

| क्र.स. | मृतकको नामथर | उमेर (वर्ष) | लिङ्ग | स्थायी ठेगाना | मृत्यु मिति र स्थान (जिल्ला) | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न प्रमुख जिल्ला अधिकारीबाट पछिल्ला पटक २०७८/०१/२१ मा जारी भई बैशाख २३ देखि ऐ. जेष्ठ २१ सम्म लागु भएको आदेशलाई हालको मृत्यु दर समेतको अवस्थालाई दृष्टिगत गरी २०७८ जेष्ठ मसान्तसम्म निरन्तरता दिन सिफारिस गर्ने।

प्रदीप राज कँडेल
प्रमुख जिल्ला अधिकारी

३. नेपाल सरकार- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – स्वास्थ्य सेवा विभाग र प्रदेश सरकार-प्रदेश नं. २ स्थित सामाजिक विकास मन्त्रालय वा मातहतको निर्देशनालय/स्टोरमा सिरहा जिल्ला स्थित DCMC, स्वास्थ्य कार्यालय, अस्पताल, स्थानीय तह सेमतबाट माग भएका सामाग्री वा प्राप्त सामाग्रीको जानकारी DCMC सिरहाको प्रयोजनकालागि जिल्ला प्रशासन कार्यालयमा उपलव्ध गराउनु पर्ने व्यहोरा सूचित गर्ने।

यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय सिरहाको मिति २०७८/०२/१७ च.नं. १४६ (नि.स.) को पत्रबाट स्वास्थ्य सेवा विभागमा सामाग्री माग भएको देहायको व्यहोरा बैठकमा अवगत भयो ;

| क्र.स. | औजार उपकरण तथा सामाग्रीहरुको नाम | परिमाण | एकाई | कैफियत |
|---|---|---|---|---|
| १ | Continue positive Airway pressure machine | ५ | सेट | स्वास फेर्नलाई अक्सिजन दिने मेसिन |
| २ | Biphasic positive Airway pressure machine | ५ | सेट | स्वास फेर्नलाई अक्सिजन दिने मेसिन |
| ३ | Bedside Locker (वेडको छेउमा राख्ने दराज) | २० | वटा | |
| ४ | Wheel Chair | ५ | वटा | |
| ५ | Cardiac Monitor | १० | सेट | |
| ६ | Infusion Pump | ५ | सेट | औषधी हाल्ने पम्प |
| ७ | Air Condition | २ | सेट | |
| ८ | Low Molecular weight heparin 40 u. | ५० | भाईल | औषधी |
| ९ | Gulcometer | २० | सेट | रगतको चिनी नाप्ने मेसिन |
| १० | Syringe Pump | ५ | सेट | औषधी हाल्ने औजार |
| ११ | ABG Machine | १ | सेट | रगतको PH नाप्ने मेसिन |
| १२ | Electric Water Filter (Small size) | ५ | सेट | |
| १३ | 2- way and 3 - way Canula | १०० | वटा | एक प्रकारको कैनुला |
| १४ | Automatic Hand Sanitizer | ५ | सेट | |
| १५ | Electric Jug (Water Boiler) | १० | सेट | |
| १६ | Medicine Trolley | ४ | सेट | औषधी ओसार पसार गर्ने ट्रली |
| १७ | Spirometer | २०० | सेट | छाती कसरत गर्ने औजार |
| १८ | Patient Feeding Table | २ | वटा | |

प्रदीप राज
प्रमुख जिल्ला

जिल्ला स्थित सरकारी/सामुदायिक अस्पताल एवम् एम्वुलेन्सकालागि ;

- रा.उ. स्मारक अस्पताल, लहानकालागि ICU Bed with Monitor ५ (पाँच) र Monitor सहितको Ventilator ४ (चार)
- अक्सिजन कन्सन्ट्रेटर : ५० (पचास) – जिल्लाभरीकालागि
- पल्स अक्सिमिटर : २०० (दुई सय) – जिल्लाभरीकालागि
- गोलबजार न.पा. द्वारा २०७८/०२/१६ मा संचालित कोभिड अस्पतालकालागि ICU Bed with Monitor ५ (पाँच) र Monitor सहितको Ventilator २ (दुई) र अक्सिजन सिलिण्डर : २० (विस) ।

४. स्वास्थ्य सेवा विभागबाट प्राप्त ९० भाईल रेम्डिसिभिर मध्ये सिरहा अस्पताल – ५४ भाईल, फुल कुमारी महतो मेमोरियल अस्पताललाई विरामीको विवरणको आधारमा रु.४,९००/- प्रति भाईलका दरले जम्मा २४ भाईलको रु.१,१७,६००/- । रकम बुझी कोभिड कोषमा जम्मा गरिएको । साथै सोध भर्ना हुने गरी थप ६ भाईल फुल कुमारी मेमोरियल अस्पतालाई उपलव्ध गराईएको ।
हाल मौजदात ६ भाईल खर्च हुने क्रममा रहेको ।

५. तत्कालिन DCCMC (सिरहा) को मिति २०७८/०१/२८ को बैठकको निर्णय नं. ५ (क) अनुरुप ;
सिरहा अस्पतालको अक्सिजन प्लान्टमा रिफिल (कम्प्रेसर) प्लान्ट जोड्न र २० वटा ठुलो सिलिण्डर समेत खरिद गर्न कोभिड कोषबाट व्यय हुने गरी जिल्ला प्रशासन कार्यालय(सिरहा) बाट खरिद प्रकृया बढाईएकोमा हाल अक्सिजन सिलिण्डरको आपूर्ति पुग्ने हुँदा सो सिलिण्डर खरिद नगर्ने,
अक्सिजन रिफिल (कम्प्रेसर) को वोलपत्रको न्यूनतम मूल्य रु.४०,००,०००/- (भ्याट सहित) तर कार्यालयको ल.ई. अनुसार रु.२३,८६,१८३।३२ (भ्याट सहित) देखिन आएकोमा हाल आ.ब. २०७८/०७९ को बजेट वक्तव्य अनुसार यस तर्फ सरकारले भारी सहुलीयत दिएको र बजारमा हाल सो रिफिल (कम्प्रेसर) प्लान्टको अभाव देखिएको समेत हुँदा ;
सहुलीयत अनुरुप प्राप्त गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट रिफिल (कम्प्रेसर) कालागि मात्र पुन: बोल पत्र आह्वान गर्ने ।

६. कोभिड-१९ संक्रमित बढ्न सक्ने र सम्भावित संक्रमित राष्ट्रसेवक सुरक्षाकर्मी समेतलाई आईसोलेसनमा राख्न जिल्ला प्रशासन कार्यालयको सिरहा बजार स्थित साविकको प्रमुख जिल्ला अधिकारी निवासलाई मर्मत सम्भार गरी व्यवस्थित तुल्याउन लागत ईस्टिमेट अनुरुप रु. ८,२५,७६९.७६ (भ्याट सहित) (रुपैया-आठ लाख पचिस हजार सात सय उन्नसतरी पैसा छिहतर) कोभिड कोषबाट विनियोजन गरी जिल्ला प्रशासन कार्यालयबाट कार्य आरम्भ गराई साविकको " **पारदर्शी समिति** " ले अनुगमन प्रतिवेदन दिए पश्चात मात्र खर्च लेख्ने ।

७. सिरहा जिल्लामा निषेधाज्ञाको समयमा जिल्ला भित्र र अन्यत्र जिल्लामा जानु पर्ने व्यक्तिलाई औचित्य र आवश्यक्ताको आधारमा सवारी पास उपलव्ध गराईएको व्यहोरा अवगत भयो ।

प्रदीप राज कँडेल
प्रमुख जिल्ला अधिकारी

८. कोभिड-१९ जोखिम न्यूनीकरणका सन्दर्भमा केही संस्था/निकाय तथा व्यक्ति समेतबाट स्वेच्छिक रुपमा प्राप्त भै आएको सामाग्री, वितरण र मौजदात देहाय अनुरुप रहेको। मौजदात सामाग्री समेत आवश्यक स्थानमा वितरण गर्दै जाने।

८

| क्र.स. | प्राप्त मिति | दिने संस्था/निकाय वा व्यक्ति | प्राप्त सामाग्री | वितरित | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | सामाग्री प्राप्त गर्ने निकाय/कार्यालय | मौजदात |
| १ | ०७८।२।१८ | सुदिप हेल्थ सर्जिकल सप्लायर्स, धनगढीमाई - १०, सिरहा। श्री सूर्यदिप नेपाल, लहान - २४ सिरहा। | सर्जिकलमास्क - ५०० थान, N95 मास्क - २० थान, स्यानिटाईजर ५ ली, फेससिल्ड - १० थान | | | ५०० थान मास्क, N95 मास्क २० थान, स्यानीटाईजर ५ लिटर र फेस शिल्ड १० थान। |
| २ | ०७८।२।१८ | नेपाल रेडक्रस सोसाईटी, सिरहा शाखा, सिरहा | मास्क - १०,००० थान | ०७८/२/१८ | शेर गण – १००० मास्क।<br>जिल्ला प्रहरी सिरहा – २००० मास्क।<br>सशस्त्र प्रहरी बल नं. ७ गण – १००० मास्क।<br>कोभिड अस्पताल, सिरहा – २००० मास्क।<br>रा.उ. स्मारक अस्पताल – १००० मास्क | ३००० मास्क। |
| ३ | २०७८।२।१३ | मनोज कुमार साह, संचालक अध्यक्ष, एम.के.एस.ईन्टरप्राईजेज प्रा.लि., बाफल, काठमाण्डौ | N95 मास्क - १५० थान, Safety Goggles - १२० थान | ०७८/०२/१३ | कोभिड अस्पताल/PCR Lab, सिरहा – १०० N95 मास्क, सेफ्टी गगल्स ५० वटा।<br>रा.उ. स्मारक अस्पताल - सेफ्टी गगल्स २५ वटा।<br>नेपाली सेना शव व्यवस्थापन टोली – सेफ्टी गगल्स २० वटा। | N95 मास्क – ५०, सेफ्टी गगल्स - २५। |
| ४ | २०७८।२।१३ | पवित्री हेल्थ केयर एण्ड डाईग्नोस्टिक सेन्टर प्रा.लि., विष्णुपुर, सिरहा | मास्क - ३०० थान र स्यानिटाइजर - ५ ली. | | - | मास्क ३०० थान, स्यानीटाईजर ५ लिटर। |

प्रदीप राज कडेल
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २०७८।२।११ | आसमान नेपाल, जनकपुरधाम, धनुषा | मास्क - ५०० थान र स्यानिटाइजर - ३ ली. | | - | मास्क ५०० थान, स्यानीटाईजर ३ लिटर। |
| ६ | २०७८।२।११ | डिभिजन प्रमुख रविन्द्र लालदास, सडक डिभिजन, लहान | मास्क-१००० थान र स्यानिटाइजर - २० ली. | | | मास् १००० थान, स्यानीटाईजर २० लिटर। |
| ७ | २०७८।२।८ | राहुल साह, कमलामाई पञ्च कन्या पोल्ट्री फिड, धनगढीमाई सिरहा<br>प्रमेश पोखरेल, अंश पोल्ट्री फर्म, मिर्चैया, सिरहा। | कुखुराको अण्डा - २१० गोटाको ७कार्टुन,<br>२१० गोटाको ३ कार्टुन, | ०७८/२/१० | कोभिड अस्पतालको विरामीहरुकालागि – ७ कार्टुन २१० गोटाको।<br>गोलबाजर अईसोलेसन – ३ कार्टुन २१० गोटाको। | |
| ८ | २०७८।२।७ | सवल नेपाल, सप्तरी | सर्जिकलमास्क - १३,५०० थान, स्यानिटाईजर - ५ली.को ८ जार, ५०० एमएल को २५ बोतल, १०० एमएलको १८० वोतलस , रफेस डिसइन्फेक्टेण्ट-५ ली.को ६ जार, थर्मल गन-१ थान, ग्लोभ्स् - २५०० थान, लाईफव्याई सावन - १०० गोटा, अक्सिमिटर -३ थान | ०७८/२/७ | कोभिड अस्पताल, सिरहा – ४००० सर्जिकल मास्क, स्यानीटाईजर ५ लिटरको ६ जार, सरफेस डिसइन्फेकटेन्ट ५ लिटरको ६ जार, थर्मल गन १ थान, ग्लोवस २५०० थान, लाईफव्याय सावुन १०० वटा, अक्सिमिटर ३ थान।<br>जिल्ला प्रहरी सिरहा – सर्जिकल मास्क- ४७५०, स्यानीटाईजर ५ लिटरको १ जार, १०० एम. एल. को ९० वोतल।<br>सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण - सर्जिकल मास्क- ४७५०, स्यानीटाईजर ५ लिटरको १ जार, १०० एम. एल. को ९० वोतल। | - |

गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिरहा नेपाल

प्रदीप राज कडेल
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | २०७८।२।७ | मनोज कुमार साह, संचालक अध्यक्ष, जे.एण्डएम. टावर, सिरहा | मास्क २,००० थान, स्यानिटाईजर - ५०० एमएलको ६ थान | ०७८/२/७ | कोभिड अस्पताल, सिरहा - १००० मास्क, स्यानीटाईजर १.५ लिटर | १००० मास्क, स्यानीटाईजर १.५ लिटर। |
| १० | २०७८।२।७ | सन्तोष कुमार अग्रवाल, केन्द्रिय सदस्य तथा सिरहा जिल्ला अध्यक्ष, नेपाल भारत मैत्री संघ । | Sanitizer Dispenser - १थान<br>Kids Mask - १००० थान | ०७८/२/७ | सिरहा अस्पताल – ५०० मस्क, १ थान स्यानीटाईजर डिस्पेन्सर।<br>सशस्त्र प्रहरी बल नं. ७ गण - ५० थान मास्क।<br>जिल्ला प्रहरी सिरहा – १०० मास्क | ३५० मास्क। |
| ११ | २०७८।२।३ | आलोक यादव, संचालक अध्यक्ष, महावती विज्ञापन एजेन्सी एण्ड मिडिया हाउस प्रा.ली , सिरहा | मास्क - २०० थान र स्यानिटाईजर- ३ ली. | | | २०० मास्क, स्यानीटाईजर ३ लिटर |
| १२ | २०७८।२।२ | नेपाल रेडक्रस सोसाईटी, उपशाखा, लहान, सिरहा | थर्मल गन -४ थान | ०७८/२/२ | इलाका प्रहरी कार्यालय, लहान – ४ थान थर्मल गन | - |
| १३ | २०७८।२।२ | प्रमोद कुमार पौद्दार, अध्यक्ष, उद्योग बाणिज्य संघ, सिरहा। | तन्ना - ५० थान | ०७८/२/२ | कोभिड अस्पताल, सिरहा – ५० थान | - |
| १४ | २०७८।२।२ | भरत महासेठ, सचिव, उद्योग वाणिज्य संघ, मिर्चैया, सिरहा | मास्क - ५०० थान, स्यानिटाईजर १०० एम.एल.को २० थान। | ०७८/२/२ | कोभिड अस्पताल, सिरहा – २५० मास्क, स्यानीटाईजर १०० एम.एल. को १० थान | २५०मास्क, स्यानीटाईजर १०० एम.एल. को १० थान। |
| १५ | ०७८/२/२/ | विरेन्द्र कुमार सिंह - अध्यक्ष, नेपाल वार एसोसिएसन, सिरहा | लता कपडा तथा भाडा वर्तन | ०७८/२/२ | PCR ल्याव सिरहामा कार्यरत स्वास्थ्यकर्मिकालागी | - |
| १६ | ०७८/१/२४ | शौर्य सिमेन्ट प्रा.लि.- सिरहा | २००० थान मास्क | ०७८/१/२४ | जिल्ला प्रहरी सिरहा – ५०० थान मास्क। | - |

प्रदीप राज कडेल
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जिल्ला प्रशासन कार्यालय सिरहा नेपाल | | सिरहा कारागार – ५०० थान मास्क ।<br>PCR Lab Siraha – ५०० थान मास्क ।<br>जिल्ला प्रशासन सिरहा – ५०० थान मास्क | |

**हाल मौजदात सामाग्री :**

सर्जिकल मास्क : ६,७५० थान

N95 मास्क : ३५० थान

स्यानीटाईजर : ३७.५ लिटर र १०० एम.एल. को १० वोतल

सेफ्टी गगल्स : २५ थान

फेस शिल्ड : १० थान

कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणकालागि मानवीय सेवाका कार्यमा सहयोग गर्नु हुने सवै व्यक्ति, संघ संस्था निकायलाई अगामी दिनमा पनि महामारी विपद् तथा प्रकोपको अवस्थामा यसरी नै सेवा भावको अपेक्षा सहित जिल्ला कोभिड व्यवस्थापन समिति धन्यवादन ज्ञापन गर्दछ । सामाग्रीहरुको गुणस्तर र प्रयोग हुने मिति समेत-यस अघि झै एकिन गर्दै जाने ।

९. महेन्द्र गेनाई कोभिड अस्पताल, धनगढीमा काम गर्न लहानबाट अस्पतालसम्म ओहोर दोहर गरेका चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई खटिएको दिनको भुक्तानी दिन वाँकी यातायात खर्च सिरहा अस्पतालका मे.सु. बाट प्रमाणित भई आए पश्चात जिल्ला कोभिड कोषबाट भुक्तानी दिने ।

१०. नेपाल विद्युत प्राधिकरण, सिरहाले १०० के.भि.ए. क्षमताको ट्रान्सफर्मर र अस्थायी मिटर समेत सिरहा अस्पतालकोलागि निशुल्क जडान गरी निरन्तर विद्युत आपूर्तिकालागि सहयोग गर्नु भएकोमा DCMC सिरहा धन्यवाद ज्ञापन गर्दछ ।

११. जिल्ला स्वास्थ्य कार्यालय, सिरहाको परिसरमा रहेको सिचूएसन सेन्टरलाई कोभिडको दैनिक विवरण अध्यावधिक गर्नकालागि हाल १ थान नयाँ Keyboard आवश्यक रही सिचुएसन सेन्टर सिरहाबाट माग भै आएको हुँदा सो १ थान Keyboard कोभिड कोषबाट खरिद गरी उपलब्ध गराउने ।

२०७८।२।७८

**प्रदीप राज कडेल**
**प्रमुख जिल्ला अधिकारी**